# जिज्ञासा र सुझाव

श्रीमान सम्पादक ज्यू,
हाम्रो वन सम्पदा
काठमाडौ ।

फरेष्टएक्सन नेपालद्वारा प्रकाशीत हाम्रो वन सम्पदाको म नियमित पाठक तथा ग्राहक हुँ । वास्तवमा सामुदायिक वनसँग सम्बन्धित जल्दा वल्दा सवालहरु र नयाँ सुचनासँग आधारीत लेख रचनाहरुले म आफूलाई सामुदायिक वनको क्षेत्रमा काम गर्न ज्यादै सहयोग पुगेको छ । यो पत्रिकाबाट सिकेका ज्ञान गुनका कुराहरुले म मात्र हैन हाम्रो सिङ्गो समूहलाई नै एउटा नमुना समूहको रुपमा स्थापित गर्न सफल हुदै छौ । पत्रिकाबाट सिकेका कुराहरुलाई समूहका साथीहरु बीच आदान-प्रदान गरी समूहको योजना विकास र विस्तार गर्न जडीबुटीको दिगो व्यवस्थापन गर्न, समूहको हक अधिकार सम्बन्धी आवाज बुलन्द गर्न, सामुदायिक वनको पक्षमा वकालत गर्ने जस्ता सवालहरुमा अगाडी बढाउनलाई यो पत्रिका एउटा मार्ग दर्शकको रुपमा स्थापित हुदै आएको मैले महसुस गरेको छु ।

नेपालमा २०४६ सालको जन आन्दोलन पश्चात् भएका विकासका कामहरु मध्ये सामुदायिक वन एउटा सफल कार्यक्रम हो भन्ने मेरो ठहर छ । विगत केही वर्ष देखि प्रजातन्त्र माथि कुठारा घात गर्ने केही तत्वहरुले सामुदायिक वनको गरिमामय अभ्यास माथि खेलबाड गरीरहेको परिप्रेक्षमा नेपालका तमाम उपभोक्ताहरुलाई शुसुचित गर्नको लागि पनि यो पत्रिका सहयोग सिद्ध हुन सक्ने मैले महसुस गरेको छु । अहिले रुपान्तरणको खाँचो देखिएको समयमा यो पत्रिकाले यसैसँग सम्बन्धित रहेर यो अङ्क प्रकाशन गर्न लागेको सुनेको छु यसको लागि आदरणीय सम्पादक, सल्लाहाकार लगायत सम्पुर्ण फरेष्टएक्सन परिवारलाई धन्यवादका साथै नव वर्ष २०६३ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

अन्त्यमा यो पत्रिकाले प्राय जसो तोकिएको समयमा प्रकाशन हुन नसकेको देखिन्छ । कृपया आगामी अङ्कहरुमा यसरी ढिला नहोस भन्ने सुझावका साथै आगामी दिनमा पनी यस पत्रिकाको निरन्तरताको अपेक्षा गर्दछु ।

धन्यवाद

मेघ नाथ रामदाम

सुन्दरी सामुदायिक वन उपभोक्ता समूह, अमरापुरी नवलपरासी